Нелли Копейкина



# ПОСОБИЕ ДЛЯ ИЗУЧЕНИЯ РУССКОГО ЯЗЫКА НЕПАЛОЯЗЫЧНЫМИ ЛИЦАМИ И ДЛЯ ИЗУЧЕНИЯ НЕПАЛЬСКОГО ЯЗЫКА РУССКОЯЗЫЧНЫМИ ЛИЦАМИ

Сказка «Непослушные дети»

Нелли Копейкина

# Пособие для изучения русского языка непалоязычными лицами и для изучения непальского языка русскоязычными лицами

## Сказка «Непослушные дети»

Издательские решения
По лицензии Ridero
2024

УДК 8
ББК 80
К65

Шрифты предоставлены компанией «ПараТайп»

**Копейкина Нелли**

К65 Пособие для изучения русского языка непалоязычными лицами и для изучения непальского языка русскоязычными лицами : Сказка «Непослушные дети» / Нелли Копейкина. — [б. м.] : Издательские решения, 2024. — 26 с.
ISBN 978-5-0051-8990-5

Данная книга предназначена для обучения русскоязычных лиц непальскому языку и непалоязычных лиц русскому языку. На страницах книги, поделённых на половины, синхронно даётся непальское и русское написание сказки «Непослушные дети» Копейкиной Нелли из серии «Сказочные приключения». Сказка написана простым, удобовоспринимаемым языком, приближённым к разговорному.

Перевод осуществлён известным непальским литератором Кришной Пракаш Шрестха

**УДК 8**
**ББК 80**

6+ В соответствии с ФЗ от 29.12.2010 №436-ФЗ

ISBN 978-5-0051-8990-5

© Нелли Копейкина, 2024

# «НЕПОСЛУШНЫЕ ДЕТИ»

Федя попал в чёртово царство, и чуть было сам не превратился в чертёнка. К счастью вместе со своим другом Костей ему удалось высвободиться из чёртова царства и высвободить других шаловливых и хулиганистых ребят.



Переводчик Кришна Пракаш Шрестха – прозаик, поэт, драматург, публицист, переводчик.
Советник Глобальной федерации непальской литературы, член МГО Союза писателей России, член Ассоциации исследователей Гималаев и Тибета, почётный член Общества детской литературы Непала



Автор Копейкина Нелли – прозаик, поэт, драматург, переводчик.
Член Союза писателей России, Российского союза писателей, Московского литфонда, Московского союза литераторов и ряда других литературных объединений.
Действительный член Международной академии русской словесности и Академии российской литературы

नेल्ली
किोपेइकिना
## अटेरी केटाकेटी

उहिले एउटा राक्षस थियो । उसको पुच्छर समेत चमत्कारी थियो । पुच्छरको मद्दतले त्यो राक्षस जहाँ पनि पुग्न सक्तथ्यो । मुख्य कुरा त के थियो भने पुच्छरले राक्षसको आज्ञा तत्कालै पूरा गर्दथ्यो । यसका लागि राक्षसले आफ्नो पुच्छर हल्लाउनु मात्र पर्दथ्यो । त्यो राक्षस ज्यादै दुच्छर र दुष्ट थियो । ऊ दुष्ट्याइँ गर्न नै आफ्नो पुच्छरको चमत्कारी शक्तिको प्रयोग गर्दथ्यो । कहिले बाटोमा दुर्घटना गराउँथ्यो त कहिले मानिसहरूलाई नदीमा डुबाइदिन्थ्यो । अनि कहिले बनमा डढेलो लगाउँथ्यो त कहिले मछुवाहरूले जमेको बरफमा बसेर माछा पक्रिरहेको देख्यो भने बरफ नै फुटालेर मछुवाहरूको बिचल्ली

## Непослушные дети

Жил-был Чёрт. Был у того Чёрта волшебный хвост. С помощью хвоста Чёрт мог очутиться где угодно, но, главное, хвост Чёрта мог исполнить всё, что Чёрт захочет, для этого стоило только Чёрту задумать желание и взмахнуть своим хвостом. Чёрт этот был очень злой и очень вредный. Он волшебную силу своего хвоста использовал для вредных дел: устраивал на дорогах аварии, топил в реках людей, подламывал лёд под рыбаками, устраивал пожары и творил много других злодеяний. Однажды Чёрту надоело жить

पारिदिन्थ्यो । ऊ जहिले पनि यस्तैउस्तै उपद्रव गरिरहन्थ्यो ।

एकपल्ट राक्षसलाई आफ्नो पाताललोकमा एकलै बसिरहन नियास्रो लाग्यो । उसले जमीनमा नै आफ्नो राज्य खडा गर्‍यो । त्यसको चारैतिर घना वनजंगल र दुर्गम धाप पनि बनायो । त्यसैले उसको दर्बारसम्म कोही पनि पुग्न सक्तैनथ्यो । अनि ऊ आफ्नो राज्यमा कसलाई बसाउने भनी सोच्न थाल्यो । राक्षसले खूब सोच्यो र अन्त्यमा उसको आदेश पाउनासाथ नाना थरीको उपद्रव गर्ने आफ्ना सहयोगीहरूलाई नै आफ्नो राज्यमा बसाउने अठोट गर्‍यो । थाहा भएकै कुरा हो, राक्षसले अटेरी केटाकेटीहरूलाई नै आफ्नो सहयोगी छान्यो ।

राक्षसले आफ्नो सन्दुसबाट चमत्कारी ऐना झिक्यो । त्यो ऐना उसले कुनै समयमा भासिलिसा प्रेमुद्रायाको गोजीबाट चोरेको थियो । त्यो ऐनामा आफूले चाहेको जे पनि देख्न सकिन्थ्यो । राक्षसको

одному в своём подземном царстве. Построил он себе царство на земле, обнёс его густым лесом и болотами так, чтоб никто не мог к нему подойти, и стал думать, кем ещё заселить своё царство. Думал-думал Чёрт и придумал заселить своё царство помощниками, которые будут творить вредные злодеяния по его приказу. В помощники себе Чёрт решил взять непослушных детей. Он достал из сундука волшебное зеркало, которое когда-то выкрал у Василисы Премудрой. Это зеркало могло показывать всё, что пожелаешь. По желанию Чёрта зеркало показало ему непослушных детей. Это были два мальчика лет пяти. Они спрятались от воспитательницы за

चाहनाअनुसार त्यस ऐनामा अटेरी केटाकेटीहरू देखापरेका थिए । त्यसमा वर्ष पाँच-छका दुईजना टिठाहरू नै देखिएका थिए । उनीहरू गुरुमाँले नदेख्ने गरी एउटा झ्याङपछिल्तिर लुकेर सुकेका हाँगाबिँगाहरूको धुनी बाल्ने कोशिश गरिरहेका थिए । गुरुमाँले उनीहरूलाई खूब खोजिन्, कराएर डाँकिन्, तर केटाहरूले सुने पनि नसुनेझैं गरे । राक्षसले ती केटाहरूलाई मन परायो । उसले आफ्नो चमत्कारी पुच्छरको मद्दतले उनीहरूलाई आफ्नो राज्यमा लग्यो । शुरुमा त केटाहरू निकै डराए । तर राक्षसले छिटै घरतिर जान दिने कुरा सुनाएर उनीहरूलाई फकायो र केही दिन उसको पाहुना भएर बस्न भन्यो । राक्षसले ती केटाहरूका लागि निकै रमाइला कुराहरू तयार पारेको थियो । विभिन्न रमाइला खेल, जलक्रीडा, साइकलदौड, मोटर रेस, कम्प्युटर खेल, यन्त्रमानव लगायत कैयौं

кусты и пытались разжечь костерок.

Воспитательница искала их, кликала, но мальчики хоть и слышали её, не откликались. Чёрту понравились эти мальчики, и он перенёс их с помощью своего волшебного хвоста в своё царство. Поначалу мальчики были очень напуганы, но Чёрт успокоил их, сказав, что скоро отпустит их домой, а пока пусть они погостят у него. Для детей у Чёрта было приготовлено много интересного: различные аттракционы, водные горки, велосипеды, машинки, компьютерные игры, разные игрушки, включая даже умных роботов. Всё это можно было брать, всем пользоваться.

Разрешалось мальчикам

खेलौनाहरूको करामत । यो सबै लिएर खेल्न सकिन्थ्यो । केटाहरूले जे पनि गर्ने छूट पाएका थिए । सलाई कोर्न समेत मनाही थिएन । झ्यालको ऐना फुटाउनु, फानसमा झुण्डिनु ता सामान्य कुरा थियो । त्यहाँ खाने कुराहरू पनि प्रशस्तै थियो । मिठाईँ र फलफूलको त छेलोखेलो नै थियो । जे लिएर पनि अघाउन्जी खान सकिन्थ्यो । फलफूलको रस र केकको टुक्रा त एक अर्कामाथि हुर्र्याउन समेत कसैले रोक्तैनथ्यो । निषेध भन्ने कुरा नै त्यहाँ थिएन । केटाहरूले जेजस्तो उपद्रब गरे पनि राक्षस हेरिरहन्थ्यो र रिसाउँदैनथ्यो । बरु ऊ त झन् रमाउँथ्यो । केटाहरूलाई राक्षसको पाहुना बन्नु निकै मन परेको थियो । अझ त्यहाँ अरु पनि नयाँ केटाकेटीहरू थपिएका थिए । ती पनि अटेरी नै थिए जसलाई राक्षसले आफ्नो राज्यमा ल्याएको थियो । त्यहाँ केटाकेटीको संख्या दिन परदिन बढ्दै गइरहेको थियो ।

всё: и спички можно было зажигать, и окна бить, и на люстрах висеть. И еды здесь было много разной. Много было сладостей, фруктов. Всё можно было есть сколько угодно. Можно было даже обливаться соками и кидаться тортами. Ничего не запрещалось ребятам. Наблюдая, как ребята хулиганят, Чёрт не злился, не расстраивался, а наоборот, даже радовался. Мальчикам очень понравилось в гостях у Чёрта, тем более что появлялись новые дети. Это были тоже непослушные дети, которых Чёрт забирал в своё царство. Детей в чёртовом царстве становилось всё больше и больше. Они играли, объедались, дурили. Между тем у некоторых

उनीहरू खूब खाना खान्थे, खेल्थे र नाना थरी उपद्रब गर्दथे। तीमध्ये जो सबभन्दा अटेरी र उपध्र्याहा थिए उनीहरूको त पुच्छर र सिङ पनि टुसाउन थालेका थिए। अनि नाक चाहिं थेप्चो बन्दै गइरहेको थियो। यसले गर्दा केटाकेटीहरू केही तर्सिए र उपद्रब गर्न छोड्न थाले। कोही कोही त घर फर्कने समेत विचार गर्न लागे। तर राक्षसले उनीहरूलाई आफ्नो सहयोगी बनाउने घोषणा गर्‍यो। केटाकेटीहरूले घर फर्कने कुरा सोच्न समेत नसोचून् भनेर उनीहरूको स्मरणशक्ति नै कमजोर तुल्याइदियो। उसले आफ्नो पुच्छर बटारेर हल्लाउनासाथ सबै केटाकेटीहरू कैलो मूसामा परिणत भए। मूसाहरू यत्रतत्र भागे। उनीहरूले आफू पहिले केटाकेटी भएको कुरा समेत बिर्सिए। उनीहरूलाई आफ्ना आमाबाबु, बाजेबज्यै, दिदीबहिनी र दाजुभाइको समेत सम्झना रहेन। सबैले आफूलाई राक्षसको छाउरा

из детей, у самых хулиганистых и вредных, стали появляться хвосты, рожки, а носы их стали превращаться в носики-пятачки. Детей напугало это, да и надоело им дурить, многие захотели вернуться домой. Но Чёрт объявил им, что все они станут его помощниками, а чтобы им не хотелось домой, он отнимет у них память. Объявив это, Чёрт махнул своим хвостом, и вмиг память каждого ребёнка превратилась в серую мышку. Разбежались мышки в разные стороны, и все дети сразу забыли, что они дети. Забыли, что у них есть родители, бабушки, дедушки, сестры и братья. Все стали считать себя чертенятами – помощниками Чёрта. Всех

ठानेर उसलाई सहयोग गर्न थाले । राक्षसले पनि आफ्ना सहयोगीहरूको पुच्छरमा चमत्कारी शक्ति राखिदियो । कुनै राक्षसको छाउरोलाई कतै पुग्न मन लाग्यो भने उसले पुच्छर हल्लाउँथ्यो । त्यति मात्र कहाँ र ? राक्षसको छाउरो त  आफ्नो पुच्छरको चमत्कारी शक्तिको मद्दतले जसलाई जहाँ पनि पुर्‍याइदिन सक्थ्ये । उसका लागि उसले आफ्नो चाहना सुनाएर आफ्नो पुच्छरले त्यो जीव वा वस्तुलाई छोइदिए पुग्दथ्यो । छाउराहरूले राक्षसलाई उसको दुष्ट्याईं र उपद्रबमा सघाउन थाले । नयाँ अटेरी केटाकेटीहरू ल्याउन समेत राक्षसले अब छाउराहरूलाई नै पठाउन थाल्यो । राक्षसको राज्यमा अटेरी केटाकेटीहरू थुप्रै जम्मा भए ।  राक्षसको राज्यमा पुगेको तीन दिनपछि नै सज्जन र दुर्जन जस्तो स्वभावको भए पनि सबै केटाकेटीहरूले कैलो मूसामा परिणत भएर सारा स्मरणशक्ति

своих помощников Чёрт одарил волшебной силой, которая была у них в хвостах. Стоило только кому-то из чертенят пожелать очутиться где-нибудь, он мог это сделать с помощью хвоста своего. Более того, любой чертёнок мог переместить с помощью волшебной силы своего хвоста кого угодно куда угодно. Для этого чертёнку надо было только изъявить своё желание и коснуться своим хвостом того, кого он хочет переместить. Стали чертенята помогать Чёрту совершать различные вредности и злодеяния. За новыми непослушными детьми Чёрт стал посылать своих помощников. Число детей в чёртовом царстве росло. Причём на третий день пребывания в чёртовом

गुमाउन थाले । ती सबैको सिङ र पुच्छर उम्रेको हुन्थ्यो भने नाक समेत सुङ्गुरको थुतुनोजस्तै च्याप्टो देखिन्थ्यो ।

царстве все дети, уже независимо от их поведения, теряли память, которая превращалась в серых мышей. И у всех детей вырастали рожки и хвостики, и носы всех детей превращались в поросячьи пятачки.

त्यस सालको ग्रीष्म ऋतुमा फेद्या एगोरोभ नामको केटो हजुरबा र हजुरआमाकहाँ पाहुना लागेको थियो । उनीहरूसंग ऊ निकै मिल्दथ्यो र उनीहरूले भनेको मान्दै सबै कुरामा सघाउँथ्यो । तर एकपल्ट बिहानै उसमा ढिपी सवार भयो । ऊ त्यो दिन सधैंझैं बिहानको चमेना खान उठेन । हजुरबा र हजुरआमले उसलाई न उठाएका होइनन् । तर जतिखेर ऊ उठ्यो, उसका हजुरबा घरबाट निस्किसकेका थिए । उठनेबित्तिकै नमस्कार गर्नुको सट्टा उसले हजुरआमासित 'समयमै किन नउठाएको' भनेर अत्तो थाप्न थाल्यो । बिहानको कसरत गर्नुको

В то лето Федя Егоров был в гостях у бабушки и дедушки. Жил он с ними дружно, помогал им во всём, был послушен. Но в одно утро Федя заупрямился. Он не встал на завтрак, как это делал обычно, хотя дедушка с бабушкой будили его, а когда он проснулся, деда уже не было дома. Вместо доброго приветствия Федя упрекнул бабушку за то, что не разбудила его во-время, а вместо утренней зарядки стал гонять кур по двору. Бабушка была очень огорчена

बदला कुखुराहरूलाई आँगनमा यताउता धपाउन लाग्यो । फेद्याको यस्तो चालामाला देखेर हजुरआमा निकै चिन्तित भइन् । फेद्यालाई रोक्न भनी उनी आँगनमा निस्किन् ।

ठीक त्यतिखेरै राक्षसले अटेरी केटाकेटी देखाउन ऐनालाई अह्रायो र ऐनामा फेद्याको अनुहार देखियो ।

'लायकको केटो रहेछ !' - राक्षसले सोच्यो र फेद्यालाई ल्याउन आफ्नो एक सहयोगीलाई खटायो ।

राक्षसको छाउरो आफ्नो पुच्छरको मद्दतले तुरुन्तै फेद्याका हजुरबा र हजुरआमाको घरको भान्सामा पुगिहाल्यो । उसले त्यहाँ केही उम्लँदै गरेको कसौडीमुन्तिर बलिरहेको आगोको ज्वाला बढाइदियो । एक मिनटमै कसौडीभित्रको झोल बुर्लुक्क उम्लिएर भाँडोबाट बाहिर ओइरियो । केही डढेको गन्ध आउनासाथ हजुरआमा चुलोमा

поведением Феди. Она вышла во двор, чтоб остановить его. В это самое время Чёрт просил зеркало показать непослушных детей, и зеркало сразу показало Федю. «Подходящий мальчик», – подумал Чёрт и послал за Федей своего помощника. Маленький чертёнок с помощью своего хвоста вмиг оказался на кухне в доме Фединых бабушки и дедушки. Он прибавил огонь в конфорке под кастрюлькой, в которой что-то варилось. Через минуту в кастрюле забулькало, зашипело, а бульон из неё стал выбиваться через край. Почувствовав запах, бабушка кинулась на кухню, а чертёнок – к Феде. Не успел Федя даже удивиться, увидев

पुगिहालिन् भने राक्षसको छाउरो चाहिं फेद्यानेर पुग्यो । फेद्याले कैलो मूसा देख्न समेत नभ्याउँदै उसको पुच्छरले टाउकोमा प्याट्ट हिर्काइहाल्यो । तुरुन्तै दुवै जना अर्थात् छाउरो र फेद्या राक्षसको राज्यमा पुगे । राक्षसका छाउराहरूको माझमा त्यहाँ यस्ता केटाकेटीहरू पनि थिए जो अझैं कैलो मूसामा परिणत भइसकेका थिएनन् । सबका सब जे मन लाग्यो त्यसै गर्दै थिए । कोही भकुण्डो हुत्याउँदै थिए भने कोही टेबुल टेनिस खेल्दै थिए । कोही खाँदै थिए त कोही सुतिरहेका थिए । कोही जलक्रीडामा व्यस्त थिए भने कोही पिङ खेल्दै थिए त कोही चित्र पनि कोर्दै थिए । फेद्यालाई यी सबै कुरामा रुचि थियो । केटाकेटी र राक्षसका छाउराहरूको खेलमा आफू पनि संलग्न भएको उसले पत्तै पाएन । धैरै हो कि थोरै हो, समय बितेको पनि उसलाई केही हेक्का रहेन । अचानक एउटा राक्षसको छाउरो उसको छेवैमा

чертёнка, как тот проворно хлестнул его своим хвостом, и оба они – чертёнок и Федя – очутились в чёртовом царстве. Вперемешку с чертенятами здесь были дети, не успевшие ещё превратиться в чертей. Все занимались тем, чем хотели: одни гоняли мяч, другие играли в настольные игры, кто-то спал, кто-то ел, кто-то опробовал водные лыжи, кто-то рисовал, кто-то качался на качелях. Федю заинтересовало всё это. Он даже не заметил, как увлекся играми детей и чертей. Много ли, мало ли времени прошло, но вдруг к нему подошёл мальчик-чертёнок и заговорил с ним. Голос чертёнка показался Феде знакомым.

आयो र उससँग कुरा गर्न थाल्यो । त्यसको स्वर फेद्यालाई परिचितजस्तो लाग्यो :

- नमस्ते, फेद्या ! के तैंले मलाई चिनिनस् ? म कोस्त्या चिचिकोभ क्या !

- कोस्त्या रे ? - फेद्यालाई पत्यारै लागेन ।

अचम्म लागेर फेद्याले आँखा समेत माड्यो । त्यो छाउरोका आवाज भने छिमेककै घरमा बस्ने कोस्त्या चिजिकोभको जस्तै थियो । नभन्दै त्यो छाउरोले ठ्याक्कै कोस्त्याले लगाउने गरेको खैरो सुरुवाल लगाइराखेको थियो । सुरुवालको एउटा पाटोमा नीलो टाँक लगाइएको थियो । कुनै समय त्यो टाँक कोस्त्याले नै सुरुवालमा सिएको थियो र यसको लागि ऊ गर्व पनि गर्दथ्यो । तर त्यस छाउरोको काखीमुन्तिरबाट कोस्त्याको रीजिक भन्ने बिरालोले समेत चियाइरहेको देखेर फेद्या तीन छक पर्‍यो । किनभने कोस्त्याको जस्तै सुरुवाल

– Здравствуй, Федя! Ты не узнаёшь меня? Я – Костя Чижиков.

– Как, Костя? – не поверил Федя. От удивления он даже протёр глаза. Хотя сейчас Федя вспомнил, что голос чертёнка – это голос Кости Чижикова – его друга-соседа по лестничной площадке. Тут Федя сразу узнал на чертёнке Костины домашние коричневые штанишки на шлейках. Штанишки были примечательны тем, что одна шлейка застёгивалась на синюю пуговицу. Костя сам пришил её когда-то и очень гордился этим. Но когда Федя увидел, что из-за пазухи чертёнка

लगाउने, कोस्त्याकै रिजिक बिरालो काखी च्यापिराख्ने र कोस्त्याकै स्वरमा बोल्ने त्यो छाउरो कोस्त्या नै हो भन्ने यसबाट पुष्टि हुन्थ्यो । त्यो छाउरोले आफू त्यहाँ कसरी आइपुगेको थियो, उसले त्यहाँ केटाकेटी र छाउराहरूसित कसरी खेल्नेगरेको थियो, कसरी तीन दिनपछि उसको सिङ र पुच्छर उम्रियो र नाक पनि कसरी च्याप्टो पर्न गयो भन्ने बेलीबिस्तार लगायो । कोस्त्याले आफू कुनै समयमा कोस्त्या भन्ने केटो भएको समेत बिर्सिसकेको थियो, किनभने उसको स्मरण कैलो मूसामा परिणत भएको थियो । रीजिक बिरालो नहुँदो हो त सायद कोस्त्याले सधैं नै आफू राक्षसको छाउरो भएर जन्मेको ठान्ने थियो होला । मूसामा परिणत भएको कोस्त्याको स्मरणलाई पक्रेर रीजिकले आफ्नो मालिककहाँ ल्याइदिने गरेको थियो । कोस्त्याले मूसालाई छुने बित्तिकै उसको

выглядывает Костин котик по кличке Рыжик, он совсем растерялся. Почему это чертёнок с Костиным голосом, в Костиных штанишках и с Костиным Рыжиком за пазухой утверждает, что он Костя. Чертёнок рассказал Феде, как он попал сюда, как играл тут с ребятами и чертенятами, и как на третий день у него появились рожки, вырос хвост и нос превратился в пятачок. Даже на время Костя забыл о том, что он был мальчиком Костей, ведь память его превратилась в серую мышь. Возможно, Костя так всегда бы и думал, что он рождён быть чёртом, если бы не Рыжик. Рыжик выследил мышку – память Кости, поймал её и принёс хозяину. Как только Костя

स्मरणशक्ति फर्कन्थ्यो।

–रीजिक यहाँ कसरी आइपुग्यो नि ? - फेद्याले सोध्यो।

कोस्त्याले आफ्नो बिरालोलाई मायालु नजरले हेर्दै सुम्सुम्यायो र बेलिबिस्तार लगायो : - राक्षसको छाउरो मिशाले मलाई यहाँ ल्याउन पुच्छर हल्लाउँदा रिजिकले चाहिं उससित खेल्न चाहेको ठान्यो र उफ्रेर बेसरी पुच्छर च्याप्न पुग्यो । यसरी तीनैजना राक्षसको राज्यमा पुग्यौं !

यहाँ जति पनि राक्षसका छाउराहरू छन् ती सबै पहिले केटाकेटी नै थिए, तर राक्षसले उनीहरूको स्मरणशक्तिलाई कैलो मूसामा परिणत गरिदिएको हुनाले उनीहरूलाई पहिले आफू केटाकेटी भएको पनि पटक्कै सम्झना छैन भनी राक्षसको छाउरो कोस्त्याले फेद्यालाई बतायो । राक्षसका छाउराहरू सबैको पुच्छर

коснулся мышки, память к нему сразу вернулась.

– Как же Рыжик тут оказался? – спросил Федя. Костя ласково посмотрел на своего котика, погладил его и рассказал, что когда чертёнок Миша, прибывший за Костей, махнул хвостом, чтобы переместить Костю, Рыжик, думая, что с ним играют, подскочил к хвосту и вцепился в него. Так все втроём они и оказались в чёртовом царстве. Ещё чертёнок-Костя рассказал Феде, что все здешние чертенята – это бывшие дети. Чёрт превратил их память в серых мышей, и чертенята не помнят, что они были мальчиками и девочками. Рассказал, что хвосты у всех чертей волшебные. А ещё рассказал, что правит здесь всем Главный Чёрт,

चमत्कारी हुन्छ भन्ने बताउँदै सुनको दर्बारमा बस्ने मुख्य राक्षसको नै त्यहाँ हैकम चल्दछ र त्यस राक्षसको चमत्कारी पुच्छरले जे पनि गर्न सक्छ भन्ने पनि उसले स्पष्ट पारिदियो ।

- किन तँ यहाँबाट नभागेको त ? - कोस्त्यासित फेद्याले सोध्यो । - तँसित चमत्कारी पुच्छर छँदै छ नि ! त्यसको मद्दतले तँ जहाँ पनि पुग्न सकिहाल्छस् नि !

- कहाँ भाग्ने र ? - गहभरि आँसु टल्पलाइरहेको निदाउरो मुख पार्दै कोस्त्याले भन्यो । - यस्तो सिङ र पुच्छर लिएर कसरी स्कूल जाने ? सबैले मेरो खिसीट्युरी गर्ने छन् । अझ मसित डराउने समेत छन् । मलाई कसैले पनि चिन्ने छैन । तैंले समेत चिनिनस् त !

- पीर नगर् ! केही जुक्ती निकाल्नु पर्ला ! - उसले फेद्यालाई सान्त्वना दियो ।

который живёт в золотом дворце. У этого Чёрта волшебный хвост, который может всё исполнять.

– Почему же ты не убегаешь отсюда? – спросил Федя Костю. – У тебя же есть волшебный хвост, с помощью которого ты можешь очутиться где угодно.

– Куда я убегу? – грустно ответил Костя, и слёзы навернулись на его глазах. – Как я буду такой рогатый и хвостатый в школу ходить? Все будут смеяться надо мной, бояться меня будут. Меня же никто не узнает. Вот ведь и ты не узнал.

– Не расстраивайся, – стал успокаивать друга Федя. – Надо что-нибудь

- के जुक्ती निकाल्ने र यहाँ ? मैले निकै सोचविचार गरिसकें । मुख्य कुरो, तँ भाग् यहाँबाट ! आइज, म तँलाई तुरुन्तै गाउँमा पुर्‍याइदिन्छु !

- तँ के गर्छस् नि ? - फेद्याले सोध्यो । - अरु केटाकेटीको के हाल होला ? अहँ, म तँलाई यहाँ छोड्न सक्तिनँ !

- यहाँ तेरो बेहाल हुनेछ ! - कोस्त्याले फेद्याको उत्तर नपर्खेर आफ्नो पुच्छरले उसलाई हिर्कायो ।

दुवै केटाहरू र रिजिक पनि एकाएक हजुरआमाको घरको बरण्डामा उत्रिए । त्यतिखेर घरमा कोही पनि थिएन । हजुरआमा उसलाई नै खोज्न निस्केको हुनुपर्छ भन्ने सोचेर फेद्या केही खिन्न भयो ।

- बिदा, फेद्या ! - कोस्त्याले त्यहाँबाट जाँदै भन्यो । - म छिटै फर्केर आउने छु । मैले तँलाई मद्दत

придумать.

– Да что тут придумаешь? Я уж много думал. Главное, ты спасайся, Федя. Давай, я тебя скорее верну в деревню.

– А как же ты? – спросил Федя. – Как другие дети? Я не могу тебя тут оставить!

– Но ты же и сам пропадёшь, – возразил Костя и, не дождавшись ответа Феди, хлестнул его своим хвостом. Оба мальчика вместе с Рыжиком очутились на террасе у бабушки. Дома никого не было. Федя виновато подумал, что бабушка, наверное, пошла его искать.

– Ну, прощай, Федя, – стал прощаться Костя. – Я вернусь скорее. А то, если Главный Чёрт узнает, что

गरेको मुख्य राक्षसले चाल पायो भने मेरो स्मरणशक्ति फर्केको उसले तत्कालै बुझ्ने छ । मेरो बेहाल हुनेछ त्यतिखेर !

- पख् ! अलप भएर नजा ! केही जुक्ती निकाल्नै पर्छ ! - फेद्याले कोस्त्याको हात समातेर भन्यो ।

- मैले निकै सोचविचार गरिसकें । राक्षसको चमत्कारी पुच्छर चुँडाल्न सके मात्र...

- ठीक भनिस् ! - फेद्याले रमाउँदै सही थाप्यो ।

- तर यो कसरी गर्ने ? खै, के गर्ने होला .

- कोस्त्याले असमर्थता जनायो ।

- दयालु जादूगरसित सोध्ने कि ?

- के त्यस्तो कोही जादूगर छ र ? - कोस्त्याले शङ्का झिक्यो ।

- किन नहुनु र ? दुष्ट राक्षस हुन्छन् भने दयालु जादूगर पनि त हुने नै भए । - फेद्याले सुझायो ।

я помог тебе, он сразу поймёт, что ко мне вернулась память, и мне будет несдобровать.

– Постой! – Федя быстро ухватился за руку друга. – Не исчезай! Надо что-то придумать.

– Я много думал. Вот если бы у Чёрта отнять его волшебный хвост…

– Правильно! – обрадовался Федя.

– Но как это сделать, я не знаю, – огорчённо ответил Костя.

– А давай, обратимся к Доброму Волшебнику!

– А разве, такие бывают? – засомневался Костя.

– А почему бы и нет? Ну, раз уж бывают злые черти, должны быть и добрые волшебники, – предположил Федя.

- सके, होलान् ! - कोस्त्याले कुम खुम्च्याउँदै जवाफ दियो ।

- तँ आदेश दे न आफ्नो पुच्छरलाई ! हामीलाई दयालु जादूगरकहाँ लिएर जा भनेर !

- हुन्छ !

कोस्त्याले रिजिकलाई हिफाजतसाथ झ्यालको तख्तामा राख्यो । दुवै जनाले फेरि सल्लाह गरेर दयालु जादूगरकहाँ जाने अठोट गरे । कोस्त्याले आफ्नो पुच्छरले फेद्यालाई हिर्काउनासाथ दुवैजना त्यहाँबाट अलप भए । रिजिक चाहिं तख्ताबाट ओर्लेर बरण्डामा झिङ्गाहरू पक्रने दाउ गर्न थाल्यो ।

कोस्त्या र फेद्या दुवैजना सरासर दयालु जादूगरको अगिल्तिर पुगे । उनीहरूले जादूगरलाई आफ्नो कहानी सुनाए । जादूगरले अटेरी केटाहरूलाई हप्कायो र एउटा अदेखा थैली सुम्पिदियो । त्यो अदेखा थैली

– Наверно, – рассеянно повёл плечом Костя.

– Ты скомандуй своему хвосту, пусть он нас к Доброму Волшебнику доставит.

– Попробую.

С этими словами Костя бережно ссадил Рыжика на подоконник. Мальчики ещё раз всё продумали, оба загадали желание попасть к Доброму Волшебнику, Костя хлестнул Федю своим хвостом, и вмиг они исчезли. Рыжик же остался на террасе забавляться ловлей мух.

Костя и Федя, впрямь, оказались у Доброго Волшебника. Они рассказали ему всё, что с ними приключилось. Волшебник пожурил ребят за непослушание и дал им волшебный

देखिंदैनथ्यो र त्यसभित्र हालेको चीज पनि देखिन्नथ्यो । जादूगरले केटाहरूलाई एउटा ठूलो कैंची र डोरी पनि दियो । कैंचीले राक्षसको पुच्छर चट्ट काट्न सकिन्थ्यो भने डोरी चाहिं राक्षसको पुच्छरको ठाउँमा बाँध्नु पर्दथ्यो । त्यसपछि जादूगरले दुवै केटालाई ए-एक वटा अदेखा टोपी पनि दियो । त्यो टोपी लगाएपछि कसैले पनि देख्न सक्तैनथ्यो । अनि केटाहरूलाई बिदा गर्दै जादूगरले भन्यो :

- ज्यादै होशियार हुनू ! चूपचाप छिटो र छरितो ढङ्गले सबै काम गर्नू ! हेर, राक्षसको काटिएको पुच्छर पनि त्यत्तिकै चमत्कारी हुन्छ । त्यसलाई चलाउँदा खूब चनाखो हुनुपर्छ !

केटाहरूले जादूगरप्रति कृतज्ञता जनाए । अनि अदेखा टोपी लगाएर सरासर राक्षसको राज्यमा फर्किए । त्यतिखेर राक्षस चमत्कारी ऐना हेर्दै अटेरी केटाकेटीलाई खोज्दै थियो ।

мешок-невидимку. Этот мешок невидим, не видно и то, что в нём находится. Дал Волшебник ребятам ещё большие ножницы, которыми можно будет отрезать Чёрту хвост, верёвку дал, которую ребята должны будут привязать Чёрту вместо хвоста, и дал ещё каждому из ребят по шапке-невидимке. В дорогу Волшебник напутствовал ребят:

– Будьте очень осторожны. Действуйте быстро и бесшумно. И помните, отрезанный хвост Чёрта в ваших руках будет по-прежнему обладать волшебной силой. Пользуйтесь им осторожно!

Поблагодарили ребята Волшебника, надели шапки-невидимки и вернулись в чёртово

कोस्त्या र फेद्या बिस्तारै उसको पछिल्तिर पुगे । कोस्त्याले सतर्क भएर राक्षसको पुच्छर उचाल्यो र फेद्याले कैंचीले स्वाट्ट काट्न खोज्यो । तर चमत्कारी कैंचीले पुच्छरमा छुनेबित्तिकै पुच्छर चट्ट काटियो । केटाहरूले तुरुन्तै पुच्छर अदेखा थैलीभित्र हालिदिए । राक्षसको पुच्छरको ठाउँमा सुरुक्क डोरी बाँधिदिए र तत्कालै सुनको दर्बारबाट कुलेलम भए ।

फेद्याले सबभन्दा पहिले चमत्कारी पुच्छर झिक्यो र आदेश दियो :

– राक्षसलाई खोरमा थुन् !

– ठीक ! - कोस्त्याले समर्थन गर्‍यो ।

फेद्याले राक्षसको पुच्छर फन्फन घुमाउनासाथ राक्षस खोरभित्र थुनियो । के भइरहेछ

царство. А в это время Чёрт смотрел в волшебное зеркало, выискивая непослушных детей. Мальчики тихонько подкрались к нему сзади. Костя осторожно приподнял чёртов хвост, а Федя поднёс к нему ножницы. Едва он коснулся волшебными ножницами хвоста, тот тут же отпал. Мальчики быстро убрали хвост в мешок-невидимку, а вместо хвоста привязали верёвку и быстро выскользнули из золотого дворца. Первым делом Федя достал волшебный хвост и скомандовал:

– Чёрта в клетку!

– Правильно! – обрадовался Костя. Федя взмахнул чёртовым хвостом, и Чёрт оказался в клетке. Не понимая, что произошло, Чёрт

भन्ने नबुझेर राक्षस जोडले कराउँदै पुच्छरमा बाँधिएको डोरी हल्लाउँदै खोरमा बजार्न थाल्यो । तर खोर ज्यूँका त्यूँ रह्यो । चमत्कारी पुच्छरको ठाउँमा मामूली डोरी बाँधिएको देखेपछि राक्षसले आफू बन्धनमा परेको चाल पायो ।

फेद्या र कोस्त्याले आफ्नो काम अगाडि बढाउँदै गए । चमत्कारी पुच्छरको मद्दतले उनीहरूले राक्षसका सारा छाउराहरूलाई फेरि पहिलेकै केटाकेटीमा परिणत गरिदिए । सबैको उम्रिएका सिङ र पुच्छर बिलाएर गए भने चेप्टो नाक पनि पहिलेकै जस्तै भयो । सबैको स्मरणशक्ति फर्केर आयो र सबै आ-आफ्ना घरतिर दौडिए ।
अन्त्यमा कोस्त्या र फेद्याले अदेखा थैली, अदेखा टोपी, चमत्कारी कैंची आदि सबै चमत्कारी चीजबीजहरू दयालु जादूगरलाई सधन्यवाद फर्काइदिए । राक्षसको चमत्कारी पुच्छर समेत

взбесился, стал хлестать хвостом-верёвкой, но клетка не исчезала. Увидев, что вместо волшебного хвоста у него простая верёвка, понял Чёрт, что попал в ловушку. Федя же с Костей действовали дальше. С помощью волшебного хвоста они всех детей-чертей превратили снова в детей. У всех исчезли рожки, хвосты и носы сделались такими, какими были. Всем вернули память и всех-всех вернули по домам. Все волшебные штучки – вещи-невидимки и ножницы ребята с благодарностью вернули Доброму Волшебнику. Передали они Доброму Волшебнику и чёртов хвост с тем, чтоб он творил с его помощью добрые дела.

जादूगरलाई नै सुम्पिदिए। त्यसको मद्दतले उसले अहिले पनि सत्कार्यहरू गर्ने गरेको छ।



# ОГЛАВЛЕНИЕ

«Непослушные дети» . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . 3

**Нелли Копейкина**

# Пособие для изучения русского языка непалоязычными лицами и для изучения непальского языка русскоязычными лицами

Сказка «Непослушные дети»

Создано в интеллектуальной издательской системе Ridero

Данная книга предназначена для обучения русскоязычных лиц непальскому языку и непалоязычных лиц русскому языку.
На страницах книги, поделённых на половины, синхронно даётся непальское и русское написание сказки «Непослушные дети» Копейкиной Нелли из серии «Сказочные приключения». Сказка написана простым, удобовоспринимаемым языком, приближённым к разговорному.
Перевод осуществлён известным непальским литератором Кришной Пракаш Шрестха

ISBN 978-5-0051-8990-5
9 785005 189905 >